# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

प.सं. २०७५।७६ मिति: २०७५।१२।१३
च.नं.

श्री प्रमुखज्यू,
माण्डवी गाउंपालिका,
प्यूठान ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट माण्डवी गाउंपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ लाख ७१ हजार प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजू रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।५ मा जारी गरिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिबेदन पाना १३ (तेह्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**माण्डवी गाउंपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउंपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. ५ मा अवस्थित यस गाउँपालिका अर्न्तगत ५ वडा  रहेको, २९ सभा सदस्य ११३.०८ व.की.मी.क्षेत्रफल १५०५८.०० जनसंख्या सहित ५ नं प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमम‌ाण्डवी गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **७०१७६१८.३२** | १ | **चालु खर्च** | ११८३५८८२०.४ | **११८३५८८२०.४** |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | ८९०१६४०७.५ | ८९०१६४०७.५ |
| | ख) बैंक | ७०१७६१८.३२ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | **१४९०००** |
| २ | **राजस्व (आन्तरिक आय)** | | **२९४१३०५** | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | २९३४६८३ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ० | | | ग) अन्य कोष खर्च | १४९००० | |
| | ग) अन्य आय | ६६२२ | | ४ | **लगानी** | | 0 |
| ३ | **वित्तीय हस्तान्तरण** | | **१९४१२४०८२.९** | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | १२३४५२००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ७०६७२०८२.९३ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | | ० |
| | घ) विशेष अनुदान | ० | | ६ | **कोष खर्च** | | **४०९५००** |
| ४ | **संघिय बजेटबाट निकासा** | | **१९७६९६७०** | | **क) प्रकोप व्यवस्थापन कोष** | २५१५०० | |
| | क)संघिय सरकारवाट प्राप्त सामाजिक सुरक्षा | १८२०९८०० | | | **ख) मर्मत सम्भार कोष** | ५०००० | |
| | ख) संघिय सरकावाट प्राप्त एल.जी.सी.डि. पी. | १०९६००० | | | **ग) महिला बालबालिका** | १०८००० | |
| | ग) पश्चिम नेपाल ग्रा.खा.तथा स.स. कार्यक्रम | ४६३८७० | | | **मौज्दात** | | २१८३०००४.३२ |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | क) नगद मौज्दात | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | | ० | | ख) बैंक मौज्दात | २१८३०००४.३२ | |
| | ख) सशर्त अनुदान | | ० | | ग)  घटि बैंक मौज्दात | ० | |
| ६ | **अन्तर स्थानीय तहबाट प्राप्त (प्युठान जि.स.स)** | १५७४९६ | **१५७४९६** | | | | |
| ७ | **जनसहभागिता (नगद)** | ५१९५०६० | **५१९५०६०** | | | | |
| ८ | **अन्य विविध  कोष** | ० | **५५८५००** | | | | |
| | **क)प्रकोप व्यवस्थापन कोष** | ४६४५०० | | | | | |
| | **ख)कोषबाट घटाएको** | -६४००० | | | | | |
| | **ग)मर्मत सम्भार कोष** | ५०००० | | | | | |
| | **घ)महिला तथा वालवालिका कोष** | १०८००० | | | | | |
| | **कुल जम्मा** | | २२९७६३७३२.३ | | **कुल जम्मा** | | २२९७६३७३२.३ |

<table>
<tr><th>दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१.</td><td>संविधान कार्यान्वयनःनेपालको संविधान, २०७२ को अनुसुची ८ र ९ मा व्यवस्था भएका एकल अधिकार तथा साझा अधिकार कार्यान्वयन सम्बन्धमा अध्ययन गर्दा आ.ब. २०७४। ७५ को अन्तसम्म अन्य विषयमा गांउपालीका प्रवेश गरि ऐन, नियम र कार्यविधि निर्माण तथा निर्माणको शुरुवात गरेतापनि निम्न विषयमा गाउंपालीकाले विषय उठान मै प्रवेश गरेको देखिएन । संविधानले प्रदान गरेका अधिकार र कार्यक्षेत्रमा आफ्नो काम र कर्तव्यलाई कार्यान्वयनमा ल्याई समृद्ध नेपाल निर्माणमा गाउंपालिका अझै सक्रिय हुनुपर्ने देखियो ।<br><u>प्रवेश नगरेका विषयवस्तु:</u>
<table>
<tr><th>सि.नं</th><th>विषय</th></tr>
<tr><td>१</td><td>घरजग्गा धनीपुर्जा वितरण</td></tr>
<tr><td>२</td><td>बेरोजगारी तथ्यांक संकलन</td></tr>
<tr><td>३</td><td>जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.</td><td>गाउं सभा तथा गाउं कार्यपालीकाको बैठकः<br>स्थानिय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार यो वर्ष गाउंसभाको बैठक केन्द्रसम्बन्धि छलफलको लागि विशेष रुपमा एकपटक समेत गरि ३ पटक तथा कार्यपालीकाको बैठक वर्षभरिमा ३७ पटक सञ्चालन भई विभिन्न प्रस्तावमाथि छलफल तथा निर्णय गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>३.</td><td>स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिममाण्डवी गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :</td><td></td></tr>
<tr><td>४.</td><td>जिम्मेवारी- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गाउंपालिको श्रेस्ता अनुसारको हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्नेमा साविकका गा.वि.स. हरुको कोषमा हिसाव बांकी रहेको देखिन्छ । साथै गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु ७२००६१८।३२ रहेकोमा यो वर्ष रु ७०१७६१८।३२ जिम्मेवारी सारेको देखियो । गतवर्षनै मर्मत सम्भार कोषमा रहेको रु ५०,०००।००, दैवी प्रकोप व्यवस्थापन कोषमा रहेको रु २५,०००।०० मा र महिला तथा वालवालिका कोषमा रहेको रु १,०८,०००।०० समेत जम्मा रु १,८३,०००।०० जिम्मेवारी सार्नुपर्नेमा जिम्मेवारी नसारेको र उक्त रकम सम्बन्धित कोषको खातामा बैंक मौज्दात देखिएको छ । यसवाट पेश भएको आर्थिक विवरणले कोष तर्फको मौज्दात रु ४०९५००।०० आर्थिक विवरणमा घटि देखिन गएकोले सो समेत एकिकृत गरि स्थानिय संचित कोषको हिसाव राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने साथै प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाँउ पालिकाले २०७४ भदौ १७ गतेको प्रथम गाँउ सभावाट आ.व. २०७४।७५ को वजेट पास गरि कार्यान्वयनमा ल्याएको भएतापनि कानुनमा भएको यवस्था वमोजिम लिखित रुपमा अख्तियारी प्रदान गरेको नदेखिएकाले ऐनको व्यवस्था पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>वजेट पेश तथा पारितः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | व्यवस्था छ । यस गाँउपालिकाले २०७४।०३।१४ मा स्थानिय तहको दोश्रो चरणको निर्वाचन भई कार्यपालिका तथा गाँउ सभाको गठनमा ढिलाई भएको भएतापनि मिति २०७४।५।१६ को कार्यपालिकाको निर्णयले बजेट तथा कार्यक्रम स्विकृत गरी मिति २०७४।५।१७ मा गाँउ सभामा पेश गरि पारित गरेको पाइयो । ऐनमा तोकिएको समयावधी अनुसार बजेट स्विकृति र अनुमोदन भई कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ७. | **पारीत कानुन राजपत्रमा प्रकाशितः**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउंपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा उपदफा २ मा उक्त ऐनको अधिनमा रही कार्यपालीकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने तथा उपदफा ३ मा गाउंपालीका तथा नगरपालीकाले उपदफा १ र २ मा बनाएको ऐन राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । साथै उपदफा ५ मा उपदफा ३ बमोजिम कुनै कानुन राजपत्रमा प्रकाशन नभएसम्म लागु नहुने व्यवस्था छ । यस गाउंपालीकाले तपसिल बमोजिमका कानुन तर्जुमा गरेकोमा मिति २०७४।१२।२८ राजपत्रमा प्रकाशित गरि कार्यान्वयनमा ल्याएको छः<br>**तपसिल** | |

| सि. नं. | विषय | गाउंसभा वा गाउं कार्यपालीकावाट अनुमोदन मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|---|
| १. | माण्डवी गाउँपालिकाको आर्थिक ऐन, २०७४ | २०७४/०५/१८ | २०७४/१२/२८ |
| २. | माण्डवी गाउँपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) नियमावली,२०७४ | २०७४/०४/२० | २०७४/१२/२८ |
| ३. | गाउँपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/०४/२० | २०७४/१२/२८ |
| ४. | माण्डवी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | २०७४/०४/२० | २०७४/१२/२८ |
| ५. | माण्डवी गाउँ कार्यपालिका( कार्यसम्पादन नियमावली),२०७४ | २०७४/०४/२० | २०७४/१२/२८ |
| ६. | गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ | २०७४/०४/२० | २०७४/१२/२८ |
| ७. | गाउँसभा सञ्चालन कार्यविधि, २०७४ | २०७४/०४/२० | २०७४/१२/२८ |
| ८. | शिक्षा नियमावली, २०७४ | २०७४/१०/०९ | २०७४/१२/२८ |
| ९. | माण्डवी गाउँपालिकाको विनियोजन ऐन, २०७४ | २०७४/०५/१८ | २०७४/१२/२८ |
| १०. | माण्डवी गाउँपालिकाको बजेट वक्तव्य, २०७४ | २०७४/०५/१८ | २०७४/१२/२८ |
| ११. | माण्डवी गाउँपालिकाको निति तथा कार्यक्रम, २०७४ | २०७४/०५/१८ | २०७४/१२/२८ |

| | | |
|---|---|---|
| ८. | **आर्थिक कार्यविधि नवनेको:** माण्डवी गाउँपालिकाले आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न हालसम्म कार्यविधि बनाएको देखिएन । आर्थिक कार्यविधि तर्जुमा गरि गाउंपालीकाको आर्थिक कारोबारको लेखांकन, सो को प्रतिबेदन, पेश्की लिने दिने तथा पेश्की फछ्र्यौट साथै आन्तरिक लेखापरीक्षणबाट औल्याएको व्यहोरा फछ्र्यौट तथा महालेखापरीक्षकको कार्यालयबाट औल्याएको बेरुजु फछ्र्यौट सम्बन्धमा स्पष्ट कार्यविधि निर्माण गरि आर्थिक कारोबारलाई पारदर्शी जवाफदेही र विश्वसनिय बनाईनुपर्दछ । | |

९. **श्रोत नखुलाई कार्यक्रम छनौटः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ को उपदफा ६ मा गाउंपालीकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा श्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ ।यस गाउंपालीकाले यो वर्ष कुनै पनि योजनाको सम्भाव्यता अध्ययन, आयोजनाको प्राथमिकिकरण, कार्यान्वयन तालिका र अनुगमन तथा मुल्यांकन योजना तयार गरेको पाईएन । त्यसैगरी आन्तरिक श्रोतबाट भएको खर्च र वित्तीय समानीकरण बाट हुने खर्च एकिन हुने गरी कार्यक्रम तय गरेको पाईएन ।कुनै आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कुन कुन श्रोतबाट के कति रकम सो कार्यक्रममा खर्च गरिने हो विवरण खुलाई बजेट तथा कार्यक्रम पारित गरि सोही अनुरुप कार्यान्वयन गरिनुपर्दछ ।

१०. **साना आयोजना केन्द्रीत बजेटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने कार्यविधि अर्न्तगत निर्माण कार्यको लागत अनुमान तयार गरि सम्बन्धित काम वा सेवाको प्रकृति परिमाण लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोने वा बेहोर्नुपर्ने रकम खुलाई प्रस्ताव लिई सम्झौता गरि कार्य गराउनुपर्ने व्यवस्था छ । यस गाउंपालीकाले उपभोक्ता समितिमार्फत गराएका आयोजनाको लागत अनुमान तयार गर्दा गाउं सभावाट छुट्याईएको बजेटको आधारमा लागत अनुमान तयार गरि सोही अनुसार कार्य सम्पन्न भएको जनाई भुक्तानी गरेको छ । यसरी कार्य गराउंदा निर्माण कार्यको कुल लागत, सम्पन्न गर्न लाग्ने समयावधि, तथा निर्माण कार्यको गुणस्तर नहुन सक्ने अवस्था रहन्छ । तसर्थ कुनै पनि निर्माण कार्य गराउंदा आयोजनाको कुल लागत अनुमान तयार गरि उक्त आयोजनालाई प्याकेजको रुपमा निर्धारीत लागतमा तोकिएको समयावधिमा पुरा गरि गुणस्तरियता अभिबृद्धि गरिनु आवश्यक देखिन्छ । यो वर्ष गाउंपालीकाको सभाले पास गरेको बजेटको आधारमा लागत अनुमान तयार गरि संचालन गरेका आयोजनाहरु निम्नानुसार रहेको पाईयो । बजेट बांडफांडमा दिगो विकास र उत्पादकत्व बृद्धि गर्ने खालका ठुला आयोजना भन्दा साना टुके आयोजनाले प्राथमिकता पाएको देखिएकोले आयोजना छनौटमा तहगत रुपमै विस्तृत छलफल तथा विष्लेषण गरी उपयुक्त आयोजनाको छनौट गरिनुपर्दछ ।

| क.सं | आयोजनाको लागत | आयोजना संख्या |
|---|---|---|
| १ | २ हजारदेखि ५० हजारसम्मका | ११२ |
| २ | ५० हजारदेखि १ लाख सम्मका | १२१ |
| ३ | १ लाखदेखि ५ लाखसम्मका | १६८ |
| ४ | ५ लाख देखि १० लाखसम्मका | १३ |
| ५ | १० लाखदेखि १५ लाखसम्मका | ७ |
| ६ | १५ लाखदेखि २० लाखसम्मका | ४ |
| ७ | २० लाखदेखि माथिका | २ |
| | जम्मा | ४२७ |

११. **बिमा नगराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु १० लाखभन्दा बढिको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगाएतको विमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत यो वर्ष १० लाख भन्दा माथिका १३ वटा निर्माण कार्य गराएकोमा विमा गराएको छैन । नियममा भएको व्यवस्था पालना गरिनुपर्दछ ।

१२. **पूँजीगतबाट चालु प्रकृतिको खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । यो वर्ष गाउं सभाबाट समानीकरण अनुदान तर्फको चालु र पुंजिगत बजेट के कति भन्ने स्पष्ट रुपमा उल्लेख नगरि विभिन्न कार्यक्रममा बजेट बांडफांड गरेको पाईयो । गाउंपालीकालाई प्राप्त अनुदानलाई वर्गीकरण र व्याख्या अनुरुप चालु र पुजिगत रुपमा छुट्याई सोहीबमोजिम चालुतर्फका कार्यक्रमहरु तथा पुजिगत तर्फका आयोजनाहरु तर्जुमा तथा छनौट गरि कार्यान्वयन हुन आवश्यक देखिन्छ । यो वर्ष गाउंपालीकाले चालु प्रकुतिका तपसिल बमोजिमका कार्यक्रमहरु पुजिगत तर्फ लक्षित वर्गका कार्यक्रममा पारित गरि रु.४३,७९,०००।०० वजेट खर्च लेखेको देखिएकोले चालु र पुंजिगत शिर्षकमा हुने खर्चहरु स्पष्ट गरि बजेट विनियोजन तथा खर्चको लेखांकन हुनुपर्दछ ।

**तपसिल**

| क.सं. | कार्यक्रमहरु | विनियोजित बजेट |
|---|---|---|
| १ | सरसफाई कार्यक्रम | १४५००० |
| २ | नारी दिवस कार्यक्रम | ३५००० |
| ३ | सिलाई कटाई तालिम | १००००० |
| ४ | बालमैत्री सुचक अनुसार कार्यक्रम | ८०००० |
| ५ | जेष्ठ नागरिक तथा अपांग सम्मान कार्यक्रम | १००००० |
| ६ | पञ्जीकरण कार्यक्रम | ३०००० |
| ७ | सार्वजनिक सुनुवाई कार्यक्रम | ४०००० |
| ८ | एच आई भी सम्बन्धि जनचेतनामुलक कार्यक्रम | ५०००० |
| ९ | बालविवाह विरुद्ध जनचेतनामुलक कार्यक्रम | ५०००० |
| १० | धुम्रपान विरुद्ध सचेतनामुलक कार्यक्रम | ५०००० |
| | **जम्मा** | |

उर्पयुक्त बमोजिम चालु प्रकृतिका कार्यक्रमलाई पुंजीगत तर्फको बजेटमा समावेश गरि खर्च गरिदा आयोजनाको प्रभावकारी व्यवस्थापन तथा दिगोपना नहुने हुंदा यस प्रकृयामा सुधार आवश्यक देखिन्छ ।

**१३.** **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधारमा यस गाउंपालीकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रयाप्त ध्यान दिएको देखिएन । गाउंपालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई सोही अनुरुप कार्यसंचालन गरि सेवा प्रवाहमा प्रभावकारीता ल्याउनु पर्दछ ।

- कर्मचारीहरुको कार्य जिम्मेवारी र जवाफदेहिता ,
- योजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण ,
- सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग संवोधन गरे नगरेको,
- योजना कार्यान्वयन तालिका निर्माण,
- निर्धारित समयमा निर्माण सम्पन्न गर्ने,
- आयोजनाको भौतिक प्रगति मुल्यांकन,
- अनुगमन प्रतिवेदन कार्यान्वयन कार्यान्वयन,
- करको दायरा पहिचान ,
- योजना सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न गर्ने,
- योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण ,
- योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खर्चको पारदर्शीता ,
- बैंक मार्फत भुक्तानी भएकोमा लाभग्राहीको नाम नामेसी सहितको बैंक स्टेटमेन्ट ,
- फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन ,
- मितव्ययी सेवा र सुविधा,
- जिम्मेवारीको सूची/कार्य विभाजन,
- कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा,
- प्रशासनिक खर्चको सीमा निर्धारण,
- ऐन,को दफा २७ अनुसार नक्शा पास र अनुमति वेगर भवन निर्माण,
- राजस्व सम्वन्धी कानून निर्माण ,

| | | |
|---|---|---|
| | ● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण ,<br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ । | |
| १४. | **नापी किताब** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ ।<br>यस कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| १५. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमाभन्दा वढि रकमको खरिद गर्दा तोकिएबमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) ले वार्षिक रु १० लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यकम तथा वजेट तयार गर्दा बार्षिक खरिद योजना तयार गरि सोही अनुसार स्वीकृति गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पुंजीगत तर्फका कार्यक्रम गाउंसभावाट स्वीकृत गराई कार्यान्वयन गरेकोमा वार्षिक खरिद योजनामा उक्त कार्यक्रम कुन विधिद्धारा, कुन अवधिमा,कसरी र कहिलेसम्म कार्यान्वयन गर्ने एकिन गरि खरिद योजना बनाएको पाईएन । कार्यालयले सार्वजनिक निर्माण तर्फ गाउंपालीकाको समग्र निर्माण तथा खरिदको गुरुयोजना योजना तर्जुमा गरि सभावाट पारित गरि सोहीबमोजिम वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गरिनु पर्दछ । | |
| १६. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम यस गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले गाउंपालिकाले सञ्चालन गर्ने कार्यकमहरुको प्राथमिकिकरण गरी वजेट तर्जुमा गरेको नपाईएकोले सञ्चालन गरिने कार्यकमको ऐनको व्यवस्था वमोजिम प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १७. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । उक्त व्यवस्था अनुसार संघिय, प्रदेश स्तरिय र स्थानिय तह स्तरिय बजेटवाट सञ्चालन हुने कार्यक्रममा दोहोरोपना हुन नदिनेगरी कार्यपालिकाले तादम्यता तथा परिपुरकता मिलाएको अभिलेख रहेको पाईएन । | |
| १८. | **न्याय सम्पादनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ मा व्यवस्था भएको न्यायिक समितिमा यो वर्ष १३ वटा विवादको निरुपणार्थ निबेदन दर्ता भएकोमा ११ वटा किनारा लगाई २ वटा बांकी रहेको देखिएको छ । समयमै विवादको निरुपण गरि किनारा लगाउनु पर्दछ । | |
| १९. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस | |

| | | |
|---|---|---|
| | गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति , कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| २०. | **लक्ष्य प्रगतिको स्थिति** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउंपालिकाले सञ्चालन गरेका गाउं स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । यसवाट गाउंपालिकाले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगतिको अवस्थाको मुल्याङकन गर्न सक्ने अवस्था रहेन । | |
| २१. | **आन्तरिक आय अनुमान:** कार्यालयले यो वर्ष आन्तरिक आय रु ३५ लाख अनुमान गरेकोमा रु २९ लाख ३५ हजार( लक्ष्यको तुलनामा ८४ प्रतिशत) आय गरेको देखिएको छ । अनुमानको तुलनामा घटि राजश्व असुल भएको देखिएको छ । स्थानिय साधन श्रोतको परिचालन गरि स्थानीय तहको विकास कार्यमा श्रोत साधनमा आत्मनिर्भर हुन गाउंपालिकाले अनुमानलाई तथ्यपरक बनाई आन्तरिक आयको स्पष्ट श्रोतहरु एकिन गरि आन्तरिक आयको दायरा फराकिलो बनाउनका लागि आवश्यक राजश्व निति, नियम एवं कार्यविधि को व्यवस्थापन गरि कार्यान्वयन गर्नुपर्दछ । | |
| २२. | **कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालीकामा रहने कर्मचारी दरवन्दी १२ रहेपनि पदपूर्ति ६ रहेको देखियो भने ६ पद रिक्त रहेको अवस्थामा कार्यालय सञ्चालन भैरहेकोले कर्मचारी आवश्यकताको विश्लेषण गरि पदपुर्ति गरि सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनुपर्दछ । | |
| २३. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राख्नु पर्नेमा रसिद नियन्त्रण खाता अध्यावधिक नगरेको, असुलि भएको राजस्व दैनिक रुपमा बैंक दाखिला नगरेको जस्ता व्यहोरा देखिएकाले त्यसमा सुधार हुनु पर्दछ । | |
| २४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यो वर्ष यस गाँउपालिकामा विषयगत कार्यालयवाट कुनै सम्पत्ति हस्तान्तरण भई आएको पाईएन । गाँउ पालिकामा समाहित हुने विषयगत कार्यालयको सम्पती अभिलेख अध्यावधिक हुनु पर्दछ । | |
| २५. | **जिन्सी निरिक्षण प्रतिवेदन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिमको व्यहोरा खुलाई जिन्सी निरीक्षण प्रतिबेदन तयार गर्नुपर्नेमा कार्यालयले जिन्सी मौज्दात र निरीक्षण फाराम तयार गरि प्रमाणित गरेतापनि निर्धारित ढांचामा प्रतिबेदन तयार गरेको नपाईएकोले निरिक्षण र प्रतिवेदन प्रणालीमा सुधार गरिनुपर्दछ । | |
| २६. | **बरबुझारथ :** संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउ वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख यकिन गरि अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २७. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक | |

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेकोमा आ.व २०७४।७५ मा प्रोफाइल तयार  गरेकोमा गाउंपालीकाले समग्र विकास गुरुयोजना, खनिजजन्य पदार्थको प्रारम्भिक वातावरणिय परीक्षण, सडक गुरुयोजनाको कार्यसम्पन्न गरि प्रतिबेदन प्राप्त गरेको पाईयो यसको अध्ययन र विष्लेषण गरि कार्यान्वयन गर्नुपर्दछ ।

२८. **सामाजिक सुरक्षा तर्फः**

**लाभग्राहीको विवरण अद्यावधिक कार्यः-** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ दफा (१२) अनुसार नाम दर्ता र नविकरणवाट आगामी वर्षका लागि लाभग्राहीको विवरण गा.वि.स. वा नगरपालीकाले पौष मसान्तभित्र एम आइ एस मा नाम दर्ता तथा प्रमाणिकरण र नकिरण समेत गरी विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाको ५ वटा वडाको सामाजिक सुरक्षा भत्ता सम्बन्धि लगत सिस्टममा अद्यावधिक गरेको नदेखिएकोले कार्यविधि वाट निर्धारित प्रकृया अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई वस्तुनिष्ठ र प्रभावकारी वनाइनु आवश्यक देखिन्छ ।

२९. सामाजीक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि), २०७२ नियम ३१ मा स्थानिय निकायले सामाजिक सुरक्षा भत्ता प्रदान गर्नको लागि गरेको नयाँ नाम दर्ता, चौमासिक भत्ता वित्तरण र मृत्यु तथा वसाइसराईको लगत कट्टा र थप गरेको विवरण सवैलाई पायक पर्ने स्थानमा सुचना टाँस गरी सर्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले यो वर्ष उक्त विवरण सार्वजनिक गरेको पाइएन । कार्याविधिको उक्त व्यवस्था को पालना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी गराइनुपर्दछ ।

३०. **भत्ता रकम वितरणः-** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ को नियम १५(क) अनुसार गाउंपालिकाले प्रथम चौमासिक असोजको १ गतेवाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको १ गतेवाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेवाट दोस्रो हप्ताभित्र भुक्तानी गरिसक्नुपर्ने व्यवस्था छ । उक्त नियममावलीको  नियम (९०) अनुसार भत्ता भुक्तानी गर्दाको समयमा कुनै व्यक्ति उपस्थीत हुन नसकेको भए सोही आ.व.मै अर्को चौमासिकमा भत्ता बुझाउन सकिने उल्लेख भएकोमा एक चौमासिकमा प्राप्त गर्न छुट भएका लाभग्राहीहरुलाई अर्को चौमासिकमा दिएको देखिएन । साथै भुक्तानी भरपाई परीक्षण गर्दा भुक्तानी गर्न छुट भएको व्यक्ति हरु तथा लगत कट्टा गर्नुपर्ने व्यक्तिहरु पहिचान गरी स्पष्ट रुपमा पेश्की फछ्र्यौटको लागि पेश गरेको देखिएन । तसर्थ पहिलो र दोस्रो चौमासिकमा छुट भएको लाभग्राही हरुलाई पछिल्लो चौमासिकमा अभिलेख अद्यावधिक गरि रकम उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभुति गरिनुपर्दछ ।

३१. **उपभोक्ता समितिबाट कार्य गराउने कार्यविधि :**सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना र लाभग्राही समुदाय सहभागि हुने भएमा त्यस्तो  काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ ।यस कार्यालयले आर्थिक वर्ष २०७४।७५ मा सञ्चालन गरेका आयोजना मध्ये सडक निर्माणसँग सम्वन्धित आयोजना मध्येवाट रु. १० लाख भन्दा वढी लागत अनुमान भएका आयोजनाको फाईल परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छन ।

| क.स. | आयोजनाको नाम | विनियोजित बजेट | नेपाल सरकार | जनसहभागीता |
|---|---|---|---|---|
| १ | देविस्थान उदयपुरकोट स्वर्गद्धारी सडक | ५६५००००.०० | ४५२००००.०० | ११३००००.०० |
| २ | नयांगाउं वडा कार्यालयबाट आपचौर धनचौर हुंदै उदयपुरकोट डांडा कटेरी सडक | १६५००००.०० | १३२००००.०० | ३३०००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | तिराम गणेश मा.वि. देखि सुन्नानी मा.वि. मर्कावांग जोड्ने मोटरबाटो | १८००००० | १४४०००० | ३६०००० |
| ४ | स्याउलीघारी सल्लीकोट हुंदै धरम्पा सडक | १२००००० | ९६०००० | २४०००० |
| ५ | बेलीपोखरी उपल्लो धनचौर रातापनी जोड्ने मोटरबाटो | १५००००० | १४५९२०० | ४०८०० |

क. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार लागत अनुमान तयार गर्दा श्रममुलक तवरबाट काम हुन सक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्ने साथै प्राविधिक दृष्टिकोणबाट श्रममुलक तवरबाट काम हुन नसकी मेशीनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारीस प्राप्त भएमा मात्र सोही अनुसार स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ गाउंपालीकाले लागत अनुमान तयार गर्दा प्राविधिक पुष्ट्यांई र सिफारिस बेगर मेशिनरीको नर्म्स प्रयोग गरी लागत दर निर्धारण गरेको छ ।

ख. यसरी तयार भएको लागत अनुमान अनुसार उपभोत्ता समिति संग संम्झौता गरेको उपभोक्ता समितिले विभिन्न निर्माण व्यवसायि मार्फत मेशीनरी उपकरण प्रयोग गरि निर्माण कार्य सम्पन्न गराई भुक्तानी गरेको छ ।

ग. गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सडक इन्भेन्टरी तयार नगरेको अवस्थामा एउटै सडकमा पटक पटक निर्माण र विस्तार भनि बजेट विनियोजन गरी खर्च गरेको अवस्थामा उक्त सडकको पुर्वावस्था मा के थियो तुलनात्मक आधार रहेको छैन ।

घ. उपभोक्ता वा लाभग्राहीको सहभागिता गराई वातावरणमैत्री तथा रोजगारी सृजना गर्ने उदेश्य अनुरुप निर्माण कार्य हुन पर्नेमा ठुला मेसिन उपकरणको प्रयोग ले रोजगारी सृजना नभएको र वातावरण संरक्षणमा समेत योगदान नभएको अवस्था छ ।

३३.१ **बेली पोखरी उपल्लो धनचौर रातापानी जोड्ने मोटरबाटोः भौ.नं. ८।२०७५।११।११**

गाउंपालिकाले यस निर्माण कार्यको लागि यो वर्ष गाउंपालिकाबाट विनियोजित बजेट रु १५०००००।०० मा उपभोक्ता समितिलाई रु १४,५९,२००।०० भुक्तानी गरेको फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन:

क) विनियोजित बजेटको आधारमा लागत अनुमान तयार गरेको देखियो,

ख) लागत अनुमान गर्दा उपभोक्ता समितिले नभै मेशिनबाट गराउने गरि गरेकोमा उक्त कार्य उपभोक्ता समितिबाट हुन नसक्ने भनी प्राविधिक पुष्ट्यांई गरेको देखिएन ।

ग) लागत अनुमान तर्जुमा गर्दा निर्माण कार्यको दिगो व्यवस्थापनका लागि स्ट्रक्चर वाल, ह्युमपाईप, नाली आदिको ईष्टिमेट नगरि माटो काट्ने कार्यको मात्र ईष्टिमेट गरि कार्य गराएको देखिन्छ ।

घ) निर्माण कार्यको लागत अनुमानमा मु.अ.कर रकम समावेश गरि ल.ई तयार गरेको छ ।

ङ) उक्त उपभोक्ता समितिले सडक निर्माण कार्यको भुक्तानी लेकाली निर्माण सेवा, अर्डर एण्ड सप्लायर्स(३००००३६७७) को विजक नं. १८। मिति२०७४।११।०१ मार्फत रु १२,९१,३२७४३ को मु.अ.कर रकम रु १,६७,८७२।५७ समेत रु १४,५९,२००।०० भुक्तानी गरेको देखिएको छ ।

यसरी निर्माण कार्य गराउंदा गाउंपालिकाले निर्माण गरेको पहाडी बाटो बर्षायाममा झन पहिरोको चपेटामा परेको देखिन्छ । उक्त कार्यवाट नकारात्मक वातावरणीय प्रभाव समेत परेको देखिएकोले सडक निर्माण कार्यको एकमुष्ट लागत अनुमान तयार गरि प्याकेजको रुपमा उपभोक्ता समितिबाट गराईनु आवश्यक देखिन्छ ।

३२. यस गाउंपालीकाले यो वर्ष विनियोजित बजेटमा अर्न्तगतका वडा कार्यालय भवन निर्माण, मर्मत तथा बाउण्ड्री वाल निर्माण जस्ता कार्य गराउंदा समेत उपभोक्ता समिति गठन गराई कार्य गरेको देखिएको छ । कार्यालय भवन बनाउने कार्यका लागि उपभोक्ता समिति गठन गराई गरिनु उर्पयुक्त देखिएन । यस सम्बन्धि केही उदाहरणहरु निम्नानुसार छन:

| क.स. | आयोजनाको नाम | कुल लागत | नेपाल सरकार | जनसहभागीता |
|---|---|---|---|---|
| १. | नयांगाउं वडा कार्यालयको हल निर्माण | ३००००० | २४०००० | ६०००० |

| | | | | |
|---|---|---|---|---|
| २. | रम्दी वडा कार्यालय शौचालय भवन निर्माण | ४००००० | ३२०००० | ८०००० |
| ३ | रम्दी वडा कार्यालयमा वाउण्डरी तथा फिल्ड निर्माण कार्य | ३५०००० | २८०००० | ७०००० |
| ४ | तिराम वडा कार्यालय भवन मर्मत | १२५००० | १००००० | २५००० |
| ५ | तिराम वडा कार्यालयमा प्रतिक्षालय निर्माण | १८०००० | १४४००० | ३६००० |
| | जम्मा | १३५५०००.०० | १०८४०००.०० | २७१०००.०० |

**३३.** **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको भएतापनि गाउंपालिकाले उपभोक्ता समितिमार्फत गराएका निर्माण कार्यमा ३ प्रतिशत कन्टिन्जेन्सी कटाई भुक्तानी गर्ने गरेको छ।

कार्यालयबाट प्राप्त बिबरण अनुसार यो बर्ष कुल कन्टेन्जिन्सी खर्च अनुगमन सुपरभाईजर ज्याला, भवन मरमत, अफिस सामान खरिद, सबारीसाधन मर्मत, दैनिक भ्रमणभत्ता भुक्तानी लगायत बर्क चार्ज खर्चमा रु २,८३,१८२।०० खर्च लेखेको छ ।

गाउंपालिकाबाट प्राप्त विवरण अनुसार योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको, छुट्टै कन्टिन्जेन्सी खाताको हरहिसाव नराखेकोले तथा कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि नवनाई खर्च गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

**३४.** **भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आवश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्नेछ भन्ने व्यहोरा उल्लेख छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भगरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

**३५.** **सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक संचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐन को व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन ।

**३६.** **आयोजना हस्तान्तरण** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ४२७ भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण र अपनत्व हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ।

**३७.** **कर समायोजन पत्र पेश गर्नुपर्नेः-** मुल्य अभिवृद्धिकर ऐन, २०५२ तथा आन्तरिक राजस्व विभागको २०६५-७-१० को परिपत्र अनुसार मु.अ.करमा दर्ता भएको कर दताले कर विजक केरमेट गर्न नहुने, हातले नम्वर राख्न नहुने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले भुक्तानी दिएका तपसिल बमोजिमका कर विजकहरुमा विजक नं सच्चाएको तथा केरमेट गरि नयां करविजक जारी गरेको देखिएकोले उक्त करविजकबाट भुक्तानी भएको मु.अ.कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.....

| भौ. नं. र मिति | कार्यक्रमको नाम | फर्मको नाम | विजक नं. | भुक्तानी रकम( मु.अ.कर बाहेक | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ७५/२०७५/३/२५ | स्वास्थ्य | एस.टी.एम. सप्लायर्स (६०१५५७८३५) | ४१० | ७२३५१.१६ | ९४०५.६५ |
| २०/२०७४.९.१८ | वडा नं. १ | एस.टी.एम. सप्लायर्स | ३०९ | ५२२९०.०० | ७७०७.७० |
| ७०/२०७५.३.२० | वडा नं. १ | एस.टी.एम. सप्लायर्स | ४११ | २७२५६.४० | ३५४३.३३ |
| ७४/२०७५.३.२५ | वडा नं. २ | एस.टी.एम. सप्लायर्स | ४०७ | ६१६२६.९ | ७९७२.५० |
| ७५/२०७५.३.२५ | वडा नं. २ | एस.टी.एम. सप्लायर्स | ४०८ | ५९९६४.०८ | ७७९५.३३ |
| २५/२०७४.१२.२६ | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | ३६७ | ५१६८६.५३ | ६७१९.२५ |
| ७०/२०७५.३.२८ | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | ४१२ | १२२३६९१.०२ | १५९०७९.८३ |
| ७/२०७५.३.१० | बन समानीकरण | एस.टी.एम. सप्लायर्स | ४२४ | २५६६०९.९५ | ३४५२९.२९ |
| १४/२०७४.८.१० | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | २६१ | १८५८३.८ | २४१५.८९ |
| १६/२०७४.८.१० | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | २६२ | २२३००.५६ | २८९९.०७ |
| ३०/२०७४.९.१८ | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | २६३ | ७३२८२.२६ | ९५२६.६९ |
| ३५/२०७४.९.१८ | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | ३०८ | २१२३४.०० | २७६०.४२ |
| ४३/२०७४.९.१८ | वडा नं. ३ | एस.टी.एम. सप्लायर्स | ३१० | ५२६५४.१० | ६८४५.०३ |
| २०७५।३।८ | देविस्थान र मर्कावाङ स्वास्थ्य चौकी | एस.टी.एम. सप्लायर्स | ४१ | ७२३५० | ९४०५.०० |
| | | जम्मा | | | २७०६०४.९८ |

२७०६०४.९८

**३८.** **कल्याण कोष** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । यस गाँउपालिकाले कार्यालयमा कार्यरत कर्मचारीको लागि हालसम्म कर्मचारी कल्याण कोषको स्थापना नगरेकोले गाँउसभाको त्यसतर्फ ध्यान जानुपर्ने देखियो ।

**३९.** **बिद्यालय कोषको संचालनः**शिक्षा नियमावली, २०४९ (आठौ संशोधन) को नियम १६९ मा भएको व्यवस्था अनुसार माध्यमिक तथा निम्न माध्यमिक विद्यालय कोषको संचालन प्रधानाध्यापक र लेखापाल वा लेखासम्बन्धि काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले उपलव्ध गराएको शिक्षक र विद्यालय कर्मचारीको तलव तथा अन्य अनुदान वापतको रकम उक्त कोषमा रहन्छ । यस गाउँपालिका अर्न्तगतका विद्यालयको विद्यालय कोषको संचालन व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट भएको देखिएको छ । नियमावलीले गरेको व्यवस्था अनुरुप विद्यालयको खाता संचालन तथा व्यवस्थापन गरि आर्थिक कारोबारलाई चुस्त दुरुस्त र पारदशी बनाईनु आवश्यक देखिन्छ ।

**४०.** **सवारी साधन खरिदः (भौ.नं. ९७२०७५।३।३१)** अर्थ मन्त्रालयको स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यस गाउंपालीकाको प्रथम गाउं सभावाट जग्गा खरिद शिर्षकमा छुट्याएको बजेटबाट गाडी खरिद

<table>
<tr><td></td><td>गर्ने कार्यपालीकाको निर्णयानुसार रु ३७४५०००।००। ०० बजेट विनियोजन गरेकोमा निर्देशिका विपरित हलुका सवारीTATA XENON 2.21 CC 4.4 Pick up किनेको पाईयो ।</td><td></td></tr>
<tr><td>४१.</td><td>कानुन निर्माण पुर्वको सुबिधाः प्रदेश सरकार ५ ले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन ,२०७५ जेष्ठ २८ गते प्रदेश ५को राजपत्रमा प्रकासित गरि "स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धी ऐन, २०७५ बनाएको छ । ऐनको दफा ३ मा पदाधिकारीले आफु निर्वाचित भई अनुसुची २ बमोजिमको पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही सुरु गरेको मितिदेखि अनुसुची १ बमोजिमको रकममा नबढ्ने गरि स्थानिय तहको आन्तरिक श्रोत समेतको आधारमा मासिक पारिश्रमिक  सुबिधा पाउनेछन भन्ने व्यबस्था रहेकोछ । जसअनुसार राजपत्रमा ऐन प्रकाशित भएको मिति भन्दा ११ महिना पहिले देखिनै सुबिधा पाउने गरी ऐन बनाएको देखिन्छ । सो अनुसार २९ जना जनप्रतिनिधिहरुलाई वर्षभरिको सुविधा रु ४० लाख ९२ हजार खर्च लेखेकोमा ऐन लागु हुनु भन्दा अघिको पारिश्रमिक रु ३७,१६,९००।०० उपलब्ध गराएको देखियो ।</td><td></td></tr>
<tr><td>४२.</td><td>पेश्की माथि पेश्कीः आर्थिक कार्यविधि नियमावली, २०५५ बमोजिम एकपटक लिएको पेश्की फछ्र्यौट गरेर मात्र अर्को पेश्की लिन पाउने व्यवस्था भएकोमा गाउँपालिकाको सशर्त अनुदानतर्फ स्वास्थ्य शाखाको कार्यक्रममा आर्थिक वर्षभरिको विभिन्न कार्यक्रम संचालन गर्न, आ.ब.को शुरुमै पुरै कार्यक्रमको पेश्की लिने गरेको, एउटै व्यक्तिलाई पहिलेको पेश्की फछ्र्यौट नगरी पटक पटक पेश्की लिई पेश्की माथि पेश्की दिएको, पेश्की लिन नपर्ने कार्यक्रमको पनि पेश्की लिएको देखिएको छ । यस प्रकृयामा सुधार गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>स्वास्थ्य संस्थालाई भुक्तानीः गाउँपालिकाले स्वास्थ्य संस्थाहरुमा पठाउनुपर्ने रकम सोही संस्थाको खातामा नपठाई पेश्कीको रुपमा दिई पेश्की फछ्र्यौट गर्ने गरेको देखिएकोले आमा सुरक्षा कार्यक्रम अर्न्तगत सुत्केरी यातायात खर्च, गर्भवती परीक्षण उत्प्रेरण तथा स्वास्थ्य संस्थाले पाउने अनुदान रकम सम्बन्धित स्वास्थ्य संस्थालाई सोझै भुक्तानी दिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>बित्तिय जबाफदेहिता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी बित्तिय जबाफदेहिता बहन गर्नु पर्ने देखिन्छ । यसैसाथ सँलग्न अनुसुची १ मा उल्लेखित बित्तिय जबाफदेहिताका सुचक को आधारमा कार्यालयको बित्तिय जबाफदेहिताको स्थिति मुल्याँकन गर्दा सँगठन सँरचना तथा कार्यबिबरण एबँ जिम्मेबारी स्वीकृत नभएको,आन्तरीक नियन्त्रण प्रणाली स्वीकृत नगरेको, वित्तीय सुचना प्रणाली तथा सो को उपयोगको अवस्था कमजोर रहेको, नागरिक बडापत्र तथा सेवा प्रबाहको गुणस्तरीयता अभिबृदिको उपायमा कमजोर रहेको, सम्झौता बमोजिम कार्यान्वयनमा कमजोर रहेको, मापदण्ड अनुसार सार्वजनिक खरिद तथा निर्माण कार्यको गुणस्तर कमजोर रहेको आदी कारणबाट ग्रेड Bमा पर्न गएको देखिन्छ । अत बित्तिय जबाफदेहिताका मुख्य पक्षहरु व्यबस्थापकीय, बित्तिय व्यबस्थापन, सेवा प्रबाह तथा खरिद व्यबस्थापन,र निर्माण सम्बन्धि सम्झौता कार्यान्बयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>बेरुजू - गाउंपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ४६ हजार, अनियमित बेरुजू रु ३७. लाख ४५ हजार र प्रमाण कागजात पेश नभएको बेरुजू रु ६८ लाख ७३ हजारसमेत रु.१करोड ०६ लाख ६३ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.१ करोड ३ लाख ९३ हजार फछ्र्यौट भई रु.२ लाख ७१ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>अनुगमन तथा मूल्याङ्कन :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :(रु हजारमा)
<table>
<tr><td>गत वर्षको बेरुजु रकम (A)</td><td>यो वर्ष फछ्र्यौट (B)</td><td>बाँकी (C= A-B)</td></tr>
<tr><td>२५९७</td><td>२५९७</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr>
<td>४७.</td>
<td>अद्यावधिक बेरुजु स्थिति : यस गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ ।(रु हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु(D)</th><th>यो वर्षको कायम बेरुजु (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>०</td><td>०</td><td>२७१</td><td>२७१</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।</td>
<td></td>
</tr>
</table>

अनुसूची- १

प्रदेश नं. ५

## माण्डवी गाउंपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | प्यूठान | माण्डवी | ४३ | ८ | १०६६४ | ० | ७ | १०३९३ | ४३ | १ | २७१ | ० | ० | २७१ | ० | | २७१ | ० | | ० |

## आर्थिक वर्ष २०७४।७५

अनुसूची- २

## स्थानीय तह सञ्चित कोष विवरण

प्रदेश नं. ५

(रु.हजारमा)

| जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| प्यूठान | ७०१८ | १२३४५१ | ८८८८३ | १०४११ | २२२७४५ | ११८३५९ | ८९०१६ | ५५८ | २०७९३३ | २१८३० |